प्रदेश सरकार

# भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

प्रदेश नं १, विराटनगर

## आ.व. २०७७/७८ को लागि आवश्यक मसलन्द तथा कार्यालय सामान आपूर्ति गर्ने सम्बन्धी सिलबन्दी दरभाउपत्र आव्हानको सूचना

प्रथम पटक प्रकाशित मिति: २०७७/०९/१९

यस मन्त्रालयमा चालु आ.व. २०७७/७८ को लागि आवश्यक पर्ने तपशिलमा उल्लिखित स्टेशनरी तथा कार्यालय सामानहरू सिलबन्दी दरभाउपत्रको माध्यमबाट खरिद गर्नु पर्ने भएकोले कम्पनी दर्ता प्रमाणपत्र र मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र भएका इच्छुक फर्म, कम्पनी वा संस्थाहरूबाट निम्नानुसार शर्तहरूको अधिनमा रही सिलबन्दी दरभाउपत्र पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

**शर्तहरू:**

१. यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन सम्म रू १०००।- (एक हजार रूपैया) फिर्ता नहुने गरी दरभाउपत्रदाताले राष्ट्रिय बाणिज्य बैक विराटनगर शाखा कार्यालय कोड न. ३१२००१३०११ भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय प्रदेश नम्बर १ विराटनगरको नाममा राजस्व शिर्षक नम्बर १४२२९ मा जम्मा गरी सो भौचरको सक्कल प्रति यस मन्त्रालयमा पेश गरेपछि दरभाउपत्र यस मन्त्रालयबाट प्राप्त गर्न सकिनेछ।

२. दरभाउपत्र खरिद गर्ने र बुझाउने अन्तिम दिन सार्वजनिक विदा परेमा सो विदा पछि कार्यालय खुलेको दिन सोही समयभित्र खरिद गर्न र बुझाउन सकिने छ। सिलबन्दी दरभाउपत्रसाथ दरभाउपत्रदाताले जमानत वापत रु २८३०७- बराबरको क वर्गको इजाजत प्राप्त वाणिज्य बैंकबाट यस मन्त्रालयको नाममा जारी भएको दरभाउपत्रपेश गर्ने अन्तिम मितिबाट ७५ दिन सम्म म्याद भएको दरभाउपत्र जमानत पेश गर्नु पर्नेछ।

३ यस्तो जमानत वाफतको रकम नगदै जम्मा गर्न चाहने दरभाउपत्रदाताले दरभाउपत्रको जमानत राष्ट्रिय बाणिज्य बैक विराटनगर शाखामा रहेको प्रदेश कोष तथा लेखा नियन्त्रकको कार्यालय प्रदेश न. १ विराटनगरको नाममा रहेको एकल धरौटीखाता न. ३१२०२०२००००१ र कार्यालय कोड न. ३१२००१३०११ मा जम्मा गरी सो को भौचरको सक्कल प्रति दरभाउपत्र साथ पेश गर्न सक्नेछ।

४. दरभाउपत्रदाताले फर्म, संस्था वा कम्पनी दर्ता प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, स्थायी लेखा दर्ता नम्बर (PAN) दर्ताको प्रमाणपत्र, आ.व. २०७६।०७७ को करचुक्ताको प्रमाणपत्र वा कर विवरण पेश गरेको कागजातहरूको प्रतिलिपि समेत संलग्न राखी सूचनामा उल्लेख भए अनुसार दरभाउपत्र भरी प्रत्येक पानामा हस्ताक्षर एवम् फर्मको छाप लगाइ खामको बाहिर विषय समेत उल्लेख गरी श्रीमान् सचिव ज्यू भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय प्रदेश न. १ विराटनगर लाइ सम्बोधन गरी सिलबन्दी गरी पेश गर्नु पर्नेछ।

५. सिलबन्दी दरभाउपत्र फाराम यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १६औं दिन दिनको १२:०० बजेसम्म यस मन्त्रालयमा पेश गर्नु पर्नेछ। सोही दिनको ३:०० बजे दरभाउपत्रवाला वा निजको अधिकार प्राप्त प्रतिनिधिको रोहबरमा खोलिनेछ।तर निजहरूको अनुपस्थितिमा पनि दरभाउपत्र खोल्न कुनै बाधा पर्ने छैन।

६. सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ बमोजिम रीत नपुगेको र तोकिएको समयभन्दा पछि प्राप्त भएका दरभाउपत्र उपर कुनै कारबाही गरिने छैन।

७. यस सम्बन्धमा अन्य कुरा बुझ्नु परेमा मन्त्रालयको भण्डार शाखामा सम्पर्क राखी जानकारी लिन सकिनेछ।

८. प्राप्त दरभाउपत्रहरू स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार यस मन्त्रालयमा सुरक्षित रहनेछ।

भुमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय
प्रदेश न. १ विराटनगर

मिति २०७७ साल पुस १९ गते आइतबार उद्‌बोध राष्ट्रिय दैनिकमा प्रकाशित सूचना।